## जनमत पार्टीको प्रथम महाधिवेशन — २०७७ बाट पारित गरिएको

# जनमत पार्टीको विधान – २०७५

## (संशोधित)

संशोधनः २०८०/०२/१२, २०८२/०८/०२, २०८३/०५/२२

प्रस्तावना

नेपालको संविधानले प्रदान गरेको नेपालको स्वतन्त्रता, सार्वभौमिकता, भौगोलिक अखण्डता, राष्ट्रिय एकता, स्वाधीनता र स्वाभिमानलाई अक्षुण्ण राखी जनताको सार्वभौम अधिकार, स्वायत्तता र स्वशासनको अधिकार तथा मौलिक हक र कर्तव्यलाई आत्मसात् गर्दै,

जनताले समय–समयमा गरेका जनआन्दोलन, जनविद्रोह, सशस्त्र जनसङ्घर्ष, मधेश आन्दोलन, थरुहट आन्दोलन, आदिवासी जनजाति आन्दोलन सहित विभिन्न सड़क संघर्ष, निर्वाचन आदिका माध्यमबाट व्यक्त जनअभिमतलाई  सम्मान गर्दै तथा विभिन्न विद्रोह,  आन्दोलन र क्रान्तिहरुमा आफ्नो जीवनको आहुति दिएका सम्पूर्ण वीर शहीदहरुलाई स्मरण गर्दै,

जन-संप्रभुता, लोकतन्त्र, सामाजिक न्याय र समाजवादलाई मूलभूत राजनैतिक सिद्धान्तका रुपमा अवलम्बन गरी  गणतन्त्र, संघीयता, धर्मनिरपेक्षता, समानुपातिक समावेशिता, लोककल्याणकारी राज्य, समतावाद, बहुलवाद, सामुदायिक स्वशासन र स्वायत्तता, बालिग मताधिकार, बहुदलीय प्रतिस्पर्धा, आवधिक निर्वाचन, शक्ति पृथकीकरण, स्वतन्त्र न्यायपालिका, स्वतन्त्र प्रेस, संवैधानिक सर्वोच्चता, कानूनी राज्य, मानवअधिकार तथा लोकतन्त्रको विश्वव्यापी मूल्य-मान्यताहरुलाई आत्मसात् गर्दै,

जनताको वास्तविक सार्वभौमसत्ता स्थापित गर्न, लोकतन्त्रको अनुभूति जनस्तरसम्म गराउन, स्थानीय तहदेखि राष्ट्रीय स्तरसम्म जनमतको कदर गर्ने प्रत्यक्ष लोकतान्त्रिक शासन व्यवस्थाको स्थापना गर्न, ‘राइट टू रिकल’, ‘नो भोट’  र ‘सूचनाको अधिकार’जस्ता संयन्त्रहरुबाट जनप्रतिनिधिहरुलाई उत्तरदायी बनाउन र भ्रष्टाचार उन्मूलन गर्न, विभिन्न दमन, शोषण, असमानता र विभेद अन्त्य गर्दै जनतालाई अधिकार सम्पन्न बनाउन, समाजलाई समानता तर्फ डोर्‍याउन तथा  मानव-समाजलाई विभेदरहित विकसित, समृद्ध र सुखी बनाउन ‘जनमत पार्टी’ को स्थापना भएको छ।

## परिच्छेद – १
## प्रारम्भिक

**धारा – 1 :** पार्टीको नाम

यस पार्टीको नाम देवनागरीमा “जनमत पार्टी” र रोमनमा “Janamat Party” गरी लेखिनेछ। यस पार्टीको संक्षिप्त नाम “जपा” (रोमनमा “JP”) रहनेछ।

**धारा – 2 :** विधानको नाम र प्रारम्भ

यस विधानको नाम “जनमत पार्टीको विधान – २०७५” रहनेछ। यो विधान पार्टी स्थापना गर्ने गरी भएको राष्ट्रिय परिषद्–२०७५ को बैठकद्वारा पारित भएपछि प्रारम्भ हुनेछ। यस विधानको पालना गर्नु पार्टीको हरेक सदस्यको कर्त्तब्य हुनेछ।

**धारा – 3 :** परिभाषा

विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस विधानमा

(क) “पार्टी” भन्नाले जनमत पार्टी सम्झनु पर्छ।

(ख) “विधान” भन्नाले जनमत पार्टीको विधान २०७५ सम्झनु पर्छ।

(ग) “सदस्य” भन्नाले जनमत पार्टीको सदस्य सम्झनु पर्छ।

(घ) “पदाधिकारी” भन्नाले जनमत पार्टीका सबै तहका पदाधिकारी सम्झनु पर्छ।

(ङ) “नियमावली” भन्नाले जनमत पार्टीको विधानबमोजिम बनेका नियमावलीहरू सम्झनु पर्छ।

(च) “सचिवालय” भन्नाले जनमत पार्टी केन्द्रिय कार्यकारिणी समितिका सदस्य बाहेकका पदाधिकारीहरूको समिति बुझ्नुपर्दछ।

## परिच्छेद – २
## झण्डा र छाप

**धारा – 4 :** झण्डा, लोगो र चुनाव चिन्ह

(क) पार्टीको झण्डा अनुसूची १(क) बमोजिम क्रमशः रातो, सेतो र हरियो रंगको ठाड़ो धर्का (स्ट्रीप) बीचमा बीचको सेतो स्ट्रीपमा रातो रंगको अष्टदल रहने निर्णय गरेको छ।

(ख) पार्टीको छापः अनुसूची १(ख) बमोजिम अष्टदलको बीचमा गोलाकार गरी पार्टीको नाम रहनेछ ।

(ग) पार्टीको लोगो अनुसूची १(ग) बमोजिम हुनेछ ।

## परिच्छेद – ३
## उद्देश्य

**धारा – 5 :** उद्देश्य

(क) सङ्घीय लोकतान्त्रिक गणतन्त्रात्मक प्रणालीको सुदृढीकरण गर्दै जनताको वास्तविक सार्वभौमसत्ता स्थापित गर्ने,

(ख) नेपालको भौगोलिक अखण्डता अक्षुण्ण राख्दै सुशासन र स्वायत्तता स्थापित गर्ने,

(ग) लोकतन्त्रको प्रवाहीकरण र अभ्यास जनस्तरसम्म गराउने,

(घ) स्थानीय तहदेखि राष्ट्रिय स्तरसम्म जनमतको कदर गर्ने प्रत्यक्ष लोकतान्त्रिक शासन व्यवस्थाको स्थापना गर्नु, “राइट टू रिकल”, “नो भोट” र “सूचनाको अधिकार” जस्ता संयन्त्रहरुबाट जनप्रतिनिधिहरुलाई उत्तरदायी बनाउँदै भ्रष्टाचार उन्मूलन गर्ने,

(ङ) राजनैतिक, आर्थिक, सामाजिक, सांस्कृतिक, लैङ्गिक एवम् सामुदायिक दमन, शोषण, असमानता र विभेद अन्त्य गर्दै समानुपातिक समावेशी, सामाजिक न्याय, समाजवाद र समतावादलाई अँगाल्दै सम्पूर्ण जनतालाई अधिकार सम्पन्न बनाउने,

(च) मुलुकको आर्थिक, सामाजिक वा सांस्कृतिक विकासको नीति, योजना र कार्यक्रम जनसमक्ष ल्याउने,

(छ) राष्ट्रिय अर्थतन्त्रलाई आत्मनिर्भर, स्वतन्त्र तथा उन्नतिशील बनाउँदै स्वतन्त्र र समृद्ध अर्थतन्त्रको विकास गर्न योगदान पुर्‍याउने,

(ज) राजनीतिक वा नागरिक विकासको उत्प्रेरक प्रतिनिधिको रूपमा जनताको राजनीतिक सचेतना अभिवृद्धि गर्ने,

(झ) सबै किसिमका सामाजिक भेदभाव, हिंसा, छुवाछुत वा विभेदको अन्त्य गरी समतामूलक समाजको निर्माण गर्न योगदान पुर्‍याउने,

(ञ) समाजलाई समानता र सद्भाव तर्फ डोर्‍याउँदै मानव-समाजलाई विभेदरहित विकसित, समृद्ध र सुखी बनाउने,

(ट) स्वयंसेवी भावनाको विकास, नागरिक जिम्मेबारी, मानव-अधिकार, सामाजिक न्याय, शान्ति र अहिंसालाई उत्प्रेरित हुने खालका कार्यक्रम सञ्चालन गर्ने गराउने,

(ठ) विपद् जोखिम न्यूनीकरण शिक्षा अभियान सञ्चालन गरी पूर्व तयारी कार्यमा सहयोग पुर्‍याउने,

(ड) राष्ट्रिय विपत्तिको समयमा खोज, उद्धार, सहयोग, पुनर्स्थापना लगायत अन्य आवश्यक सहयोग गर्ने,

(ढ) आफ्नो निर्वाचन घोषणापत्रमा उल्लेख भएका काम गर्ने,

(ण) आयोगबाट सञ्चालित कार्यक्रममा सहयोग पुर्‍याउने ।

## परिच्छेद – ४
## सदस्यता

**धारा – 6 :** सदस्यको योग्यता

देहायको योग्यता पुगेका कुनै पनि व्यक्तिले जनमत पार्टीको सदस्यता लिन सक्नेछन् ।

(क) १८ वर्ष उमेर पुगेको नेपाली नागरिक,

(ख) पार्टीको विधान, घोषणापत्र, सिद्धान्त, नीति, कार्यक्रम र निर्णयहरुलाई पालना गर्न मञ्जुर गरेको,

(ग) पार्टीको सदस्यता दस्तुर बुझाउन र तोकिएको जिम्मेबारी लिन मञ्जुर गरेको,

(घ) नैतिक पतन हुने फौजदारी अभियोगमा सजाय भएको भए सो भुक्तान गरेको ६ महिनाभन्दा बढी अवधि बितेको,

(ङ) नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय सरकारको स्वामित्व वा नियन्त्रणमा रहेको स्वशासित संस्थाको बहालवाला प्राध्यापक, शिक्षक वा कर्मचारीको पदमा बहाल नरहेको।

**धारा – 7 :** सदस्यताको प्रकार

(क) साधारण सदस्य

(ख) क्रियाशील सदस्य

(ग) मानार्थ सदस्य

**धारा – 8 :** सदस्यता शुल्क

(क) साधारण सदस्यता शुल्क वार्षिक रु. १० र क्रियाशील सदस्यता शुल्क वार्षिक रु. १०० रहनेछ। सदस्यता लिँदा सदस्यहरुले स्वेच्छिक रुपमा आर्थिक सहयोग गर्न सक्नेछन् । प्रत्येक क्रियाशील सदस्यले नियमित आर्थिक सहयोग (लेवी) बुझाउनु पर्नेछ। साधारण र क्रियाशील सदस्यता क्रमशः अनुसूची २ र ३ मा दिइएको आवेदन पत्र अनुसार लिइन सकिनेछ। साधारण र क्रियाशील सदस्यता प्रत्येक वर्ष वैशाख महिनामा नवीकरण गर्नु पर्नेछ। तर पार्टी अनुशासनको कारबाहीमा परी निर्धारित समयमा नविकरण गर्न छुट भएका व्यक्तिको हकमा निलम्बन फुकुवा भएको १ महिनाभित्र नविकरण गर्नु पर्ने छ ।

(ख) विशेष अवस्थामा केन्द्रिय सचिवालयले नविकरणको समयावधि बढाउन सक्नेछ ।

(ग) मानार्थ सदस्यता केन्द्रिय सचिवालयको निर्णयले समाजमा विशिष्ठ योगदान दिएका व्यक्तिहरुलाई दिन सकिनेछ।

**धारा – 9 :** सदस्यहरुको काम, कर्त्तव्य र अधिकार

(क) साधारण सदस्यः साधारण सदस्यले पार्टीको प्रचार-प्रसार गर्ने, संगठन विस्तारमा सघाउ पु¥याउने, पार्टीद्वारा आयोजित सार्वजनिक कार्यक्रम तथा आन्दोलनहरुमा भाग लिने, स्वयंसेवकको रुपमा काम गर्ने तथा पार्टीका समितिहरुको निर्देशनमा अन्य कामहरु गर्नेछ। भातृत्त्व संगठनका सदस्यहरु स्वतः साधारण सदस्य हुनेछन्।

(ख) सक्रिय सदस्यः साधारण सदस्य भएर पार्टीप्रति पूर्णतः निष्ठावान् भएर सक्रिय भई कम्तीमा १ वर्ष काम गरेका सदस्यहरु क्रियाशील सदस्यताको लागि निश्चित शुल्क र लेवी तिरेर, पार्टीको मातहतका समितिको सिफारिशमा, क्रियाशील सदस्यताका लागि आवदेन दिन सक्नेछन्। वडा स्तरदेखि माथिल्लो समितिले सो आवदेनमाथि विचार गरी क्रियाशील सदस्यता दिन सक्नेछ। केन्द्रिय कार्यकारिणी समितिले आवश्यक ठानेमा योग्यता र मापदण्ड पुगेका कुनै पनि नागरिकलाई क्रियाशील सदस्यता दिन सक्नेछ। क्रियाशील सदस्यहरु आफ्नो क्षेत्रमा पार्टीको बैठक, अधिवेशन वा महाधिवेशनमा मतदान गर्न वा चुनिन योग्य हुनेछन्। क्रियाशील सदस्यता पार्टीको कुनै पनि गाउँ वा नगरपालिकामा अधिवेशन भन्दा कम्तीमा ६ महिना अगाडी सम्म स्थान्तरण गर्न सकिनेछ।

(ग) मानार्थ सदस्यहरुले पार्टीको कुनै पनि अधिवेशनमा भाग लिन योग्य हुने छैन।

**धारा – 10 :** सदस्यताको समाप्ति

तपसिल बमोजिमको अवस्थामा पार्टी सदस्यता समाप्त हुनेछ ।

(क) मृत्यु भएमा ।

(ख) पार्टीको अहित हुने काम गरेको आरोप प्रमाणित भई पार्टीको वैधानिक प्रक्रिया अनुरुप निष्कासनको कार्वाही भएमा ।

(ग) सदस्य स्वयंले पार्टी परित्यागको घोषणा गरेमा ।

(घ) साधारण सदस्य पार्टीको जानकारी बिना एक वर्षभन्दा बढी सम्पर्क बाहिर रहेमा र क्रियाशील सदस्य पार्टीको अनुमति बिना एक वर्षभन्दा बढी समय पार्टीको दैनिक काम कारबाहीबाट अलग रहेमा।

(ङ) वार्षिक सदस्यता नवीकरण नगरेमा ।

(च) पार्टीको विधान, नियमावली, निर्देशिका वा आचार-संहितामा गरिएको व्यवस्था प्रतिकूलको आचरण प्रमाणित भई कारबाहीमा परेमा।

(छ) पार्टी र अध्यक्षले चलाइ राखेको राजनीतिक, सांगठनिक वा रणनैतिक अभियान वा आन्दोलनको विरुद्धमा प्रत्यक्ष वा अप्रत्यक्ष मत जाहेर गर्ने वा विरोध गर्ने कार्य गरेमा।

**धारा – 11 :** सदस्यता अभिलेख

(क) पार्टी सदस्यताको सम्पूर्ण अभिलेख केन्द्रिय सङ्गठन विभागमा रहनेछ । सदस्यहरूको अभिलेख फाराम अनुसूची - ४ बमोजिम हुनेछ ।

(ख) स्थानीय/प्रदेश समितिहरूले आ–आफ्नो कार्य क्षेत्र भित्रका सबै सदस्यहरूको अभिलेख राख्न सक्नेछन् ।

## परिच्छेद – ५
## संगठनात्मक सिद्धान्त

**धारा – 12 :** संगठनात्मक सिद्धान्त

(क) पार्टीको सार्वभौमसत्ता पार्टीका सदस्यहरूमा निहित हुनेछ ।

(ख) पार्टीको संगठन देशको संघीय संरचनाका आधारमा निर्माण गरिनेछ । केन्द्र, प्रदेश र स्थानीय निकायहरूमा पार्टीको शक्ति बाँडफाँड हुनेछ ।

(ग) व्यक्ति सङ्गठनको र सङ्गठन महाधिवेशनको मातहत हुनेछ ।

(घ) माथिल्लो समितिको निर्णय तल्लो समितिले पालना गर्नु पर्नेछ ।

(ङ) अल्पमतले बहुमतको निर्णय पालन गर्नु पर्नेछ ।

(च) पार्टी सदस्यताको प्राप्ति स्वैच्छिक हुनेछ। तर सदस्यका लागि तोकिएको दायित्व र अनुशासनको पालना बाध्यकारी हुनेछ। विधानतः उल्लेख भएका बाहेक पार्टी सदस्यका दायित्वहरु सम्बन्धित कमिटीद्वारा समय–समयमा निर्धारित गरेबमोजिम हुनेछन् ।

(छ) पार्टीका कमिटीहरू सम्बन्धित तहका अधवेशनहरूप्रति उत्तरदायी हुनेछन्। सबै कमिटी र अधिवेशन संघीय महाधिवेशनप्रति उत्तरदायी हुनेछन् ।

(ज) पार्टीभित्र समावेशी लोकतन्त्रको अभ्यास गरिनेछ ।

(झ) निर्वाचित पदाधिकारीहरूले चित्तबुझ्दो काम नगरेमा र पार्टीको हितविपरित काम गरेमा मतदाताहरूलाई फिर्ता बोलाउने अधिकार हुनेछ । यस्तो अधिकारको कार्यान्वयन निर्वाचन कार्यविधिमा तोकेबमोजिम हुनेछ ।

(ञ) पार्टी सदस्यहरूले अष्टाङ्ग मार्गको पालना गर्दै गराउँदै पार्टी सदाचार र सुशासन प्रति प्रतिबद्ध रहनेछ। आचारसंहिताको पालना गर्नु सबै सदस्यको कर्तव्य हुनेछ ।

## परिच्छेद – ६
## संगठनात्मक संरचना

**धारा – 13 :** पार्टीको संगठनात्मक संरचना निम्नानुसार हुनेछ.

(क) राष्ट्रिय स्तर

i. महाधिवेशन

ii. राष्ट्रिय परिषद्
iii. केन्द्रिय कार्यकारिणी
  १) केन्द्रिय समिति

    a. स्थायी समिति
    b. केन्द्रिय कार्यकारिणी समिति
    c. निर्वाचित तथा मनोनित सदस्यहरू
    d. केन्द्रिय सचिवालय

  २) विभाग

- संसदीय मामिला विभाग
- रोजगार विभाग
- शिक्षा विभाग
- स्वास्थ्य विभाग
- भौतिक संरचना विकास विभाग
- संगठन विभाग
- सुरक्षा विभाग
- राहत एवम् उद्धार विभाग
- विदेश विभाग
- आर्थिक विभाग
- प्रशिक्षण एवं विद्यालय विभाग
- संचार विभाग
- प्रचार-प्रसार विभाग
- समाज-कल्याण विभाग
- अनुसन्धान विभाग
- मानव-अधिकार विभाग
- कानून विभाग
- अन्य विभाग

  3) जनवर्गीय तथा पेशागत मोर्चा / फ्रन्ट

- विद्यार्थी जनमत संघ
- युवा जनमत संघ
- उद्योग व्यवसायी जनमत संघ
- पूर्व कर्मचारी जनमत संघ
- मजदूर जनमत संघ (ट्रेड यूनियन)
- पत्रकार जनमत संघ

- किसान जनमत संघ
- शिक्षक जनमत संघ
- प्राध्यापक जनमत संघ
- चिकित्सक जनमत संघ
- इन्जिनियर जनमत संघ
- वकील जनमत संघ
- बुद्धिजीवि जनमत संघ
- सुकुम्बासी जनमत संघ
- सहकारी जनमत संघ
- गैर-सरकारी संगठन जनमत संघ
- महिला जनमत संघ
- दलित जनमत संघ
- आदिवासी जनजाति जनमत संघ
- मुस्लिम जनमत संघ
- अल्पसंख्यक जनमत संघ
- गैर-आवासीय मधेशी संघ
- अन्य मोर्चा

४. वरिष्ठ नेतृत्व मण्डल

५. विशेष समिति

i. अनुशासन समिति
ii. सल्लाहकार समिति
iii. लेखा परिक्षण समिति
iv. सदस्यता व्यवस्थापन समिति
v. निर्वाचन समिति
vi. अन्तर्राष्ट्रिय समन्वय समिति
vii. अन्य समिति

६. मधेश नेतृत्व पुञ्ज

(ख) प्रदेश समिति

1. कोशी प्रदेश समिति, कार्यालयः बिराटनगर
2. मधेश प्रदेश समिति, कार्यालयः जनकपुर
3. बाग्मती प्रदेश समिति, कार्यालयः काठमाडौं
4. गण्डकी प्रदेश समिति, कार्यालयः पोखरा
5. लुम्बिनी प्रदेश समिति, कार्यालयः भैरहवा
6. कर्णाली प्रदेश समिति, कार्यालयः वीरेन्द्रनगर

7. सुदुर पश्चिम प्रदेश समिति, कार्यालयः धनगढी

(ग)जिल्ला समन्वय समिति

(घ) निर्वाचन क्षेत्र समिति (प्रदेश सभा र प्रतिनिधी सभा)

(ङ)गाउँपालिका/नगरपालिका समिति

(च) वडा समिति

(छ) बूथ/टोल समिति

## परिच्छेद – ७
## महाधिवेशन

**धारा – 14 : महाधिवेशन**

(क) महाधिवेशन पार्टीको सर्वोच्च निकाय हुनेछ र यसको आयोजना केन्द्रिय कार्यकारिणी समितिद्वारा सामान्यत: ५ (पाँच) वर्षमा गरिनेछ। तर विशेष परिस्थितिमा बढीमा छ महिनासम्म पछि सार्न सकिनेछ।

(ख) महाधिवेशनको काम, कर्त्तव्य र अधिकार

१. केन्द्रिय अध्यक्ष सहितकेन्द्रिय कार्यकारिणी समिति र केन्द्रिय समिति निर्वाचित गर्ने,
२. सम्पूर्ण केन्द्रिय निकायहरू विघटन गर्ने (स्थायी समिति बाहेक),
३. पार्टी विधानमा आवश्यक संशोधन गर्ने, संशोधित विधान पारित गर्ने,
४. केन्द्रिय कार्यकारिणी समितिको तर्फबाट प्रस्तुत राजनीतिक तथा आर्थिक प्रतिवेदन,केन्द्रिय अनुशासन समिति, केन्द्रिय लेखा परीक्षण समिति र केन्द्रिय निर्वाचन समितिका प्रतिवेदन तथा प्रस्तावहरू माथि छलफल गरी पारित गर्ने ।

**(ग)**महाधिवेशनमा पार्टीका क्रियाशील सदस्य, समिति तथा भातृसंगठनहरु मध्येबाट अधिवेशन प्रतिनिधिको संख्या, अनुपात र निर्वाचन प्रक्रिया केन्द्रिय सचिवालयले निर्धारण गरे बमोजिम हुनेछ।

## परिच्छेद – ८
## राष्ट्रिय परिषद्

**धारा – 15 :** राष्ट्रिय परिषद्

(क) राष्ट्रिय परिषद्मा निम्नानुसार सदस्यहरु हुनेछन्:

१. वर्तमान केन्द्रिय समितिका सबै सदस्यहरू

२. मोर्चा तथा विभागका अध्यक्षहरू

३. प्रतिनिधि सभा निर्वाचन क्षेत्रका अध्यक्ष र इन्चार्जहरू

४. स्थायी समितिद्वारा महिला तथा सामाजिक विविधताको प्रतिनिधित्व हुने गरी कूल संख्याको मनोनित ३०% सदस्यहरू

(ख) राष्ट्रिय परिषद्को काम, कर्तव्य र अधिकार:

१. खारेज

२. खारेज

३. खारेज

४. खारेज

५. खारेज

६. खारेज

७. विभिन्न तहमा पार्टी प्रवेश गराउन सक्रिय भूमिका खेल्ने

८. निर्वाचनको लागि आवश्यक तैयारी गर्ने

९. अन्य पार्टी र समूहसँग समन्वयकारी भूमिका निर्वाह गर्ने

१०. निर्वाचनमा विजय हासिल गर्न आवश्यक रणनीतिक अध्ययनहरू गरेर सोको प्रतिवेदन केन्द्रिय सचिवालयलाई बुझाउने

११.

(ग)

## परिच्छेद – ९
## केन्द्रिय कार्यकारिणी

**धारा – 16 :** केन्द्रिय समिति

(क) दुई महाधिवेशनको बीचमा केन्द्रिय समिति पार्टीको सर्वोच्च अंग हुनेछ।

(ख) केन्द्रिय समिति बढ़ीमा ७५१ सदस्यीय हुनेछ। केन्द्रिय समितिमा निम्नानुसारका सदस्यहरु रहनेछन्:

१. केन्द्रिय कार्यकारिणी समितिका पदाधिकारी तथा सदस्यहरू

२. स्थायी समितिका सदस्यहरू

३. महाधिवेशनबाट निर्वाचित तथा मनोनित सदस्यहरू

४. मोर्चा तथा विभागका अध्यक्षहरू

(ग) केन्द्रिय समितिको काम, कर्तव्य र अधिकार

१. महाधिवेशनका निर्णयहरू कार्यान्वयन गर्न योजना वनाउने,
२. आफ्नो समितिको नियमित बैठकका साथै विधान बमोजिम महाधिवेशनको बैठक आयोजना गर्ने। महाधिवेशनको बैठकका लागि आवश्यक वैचारिक, राजनीतिक, आर्थिक तथा अन्य आवश्यक दस्तावेजहरू तयार गर्ने।
३. केन्द्रिय सचिवालयले बनाएका अनुशासन समिति, सल्लाहकार समिति, लेखा परिक्षण समिति, सदस्यता व्यवस्थापन समिति, निर्वाचन समिति सहितका विशेष समितिहरूलाई अनुमोदन गर्ने वा त्यसलाई आफैं गठन वा पुनर्गठन गर्ने,
४. तोकिए बमोजिम विशेष समिति, मोर्चा, विभाग र आवश्यक संयन्त्र एवम् कार्यदलहरू गठन गर्ने र तिनीहरूको काम, कर्तव्य र अधिकार तोक्ने। पार्टीसँग आवद्ध भातृ-सङ्गठनहरूको कार्यहरूको सुपरिवेक्षण तथा मूल्याङ्कन गर्ने,
५. आवश्यक विषयमा पार्टीको दृष्टिकोण र नीति तय गर्ने। केन्द्रिय मुखपत्र लगायत आवश्यक सामग्रीको सम्पादन र प्रकाशन गर्ने।
६. पार्टी हित विपरीत कार्य गर्ने तथा पार्टी विधानको उल्लङ्घन गर्ने केन्द्रिय समिति तथा केन्द्रिय निकायका पदाधिकारी तथा सदस्यहरूमाथि अनुशासनको कारबाही गर्ने। यसका लागि आवश्यक परे छानबिनका लागि केन्द्रिय अनुशासन समितिमा पठाउन सक्ने,
७. पार्टी एकता, हित र सुरक्षा जस्ता विषयमा खलल पर्ने कुनै पनि मातहत समितिका निर्णयलाई बदर गर्ने र आफ्नो जिम्मेवारी पूरा नगर्ने तथा पार्टीको नीति निर्देशन पालना नगर्ने समितिलाई आवश्यक कारबाही गर्ने-गराउने।
८.
९. खारेजखारेज
१०. खारेज
११. पार्टीको सिद्धान्त र विचार मिल्ने दलहरूसँग पार्टी एकीकरण अगाडि बढाउन आवश्यक निर्णय गर्ने,
१२. पार्टीका तात्कालिक एजेण्डासँग सहमत पार्टी र शक्तिहरुसँगको संयुक्त मोर्चा र कार्यगत एकतालाई अगाडि बढाउने,
१३. मातहत् समितिलाई सदस्यता शुल्क र लेवी तोक्ने,
१४. केन्द्रिय समितिले आवश्यक ठानेमा विशेष महाधिवेशन आयोजना गर्ने,
१५. मापदण्ड र प्रक्रिया अनुसार वा उपयुक्त कुनै पनि व्यक्तिलाई क्रियाशील सदस्यता प्रदान गर्ने,
१६. विधानमा तोकिएका अन्य कामहरू गर्ने।
१७. विधानलाई बहुमतद्वारा आवश्यक संशोधन गर्ने,
१८. आवश्यक नियम-विनियम पारित गर्ने

(घ) केन्द्रिय समिति सदस्यहरू महाधिवेशनबाट तोकेबमोजिम निर्वाचित हुनेछन्। तोकिएको संख्यामा निर्वाचित हुन नसकेका केन्द्रिय सदस्यहरूको हकमा क्षेत्रिय, लैंगिक र सामाजिक विविधता अनुसार महिलाको संख्या १/३ पुग्ने गरी केन्द्रिय सदस्यहरू स्थायी समितिले मनोनित गर्न सक्नेछ।

**धारा – 17 :** केन्द्रिय कार्यकारिणी समिति

(क) केन्द्रिय कार्यकारिणी समिति बढीमा १५१ सदस्ययीय हुनेछ। त्यसमध्ये अध्यक्ष, उपाध्यक्ष, महासचिव, उपमहासचिव र सचिव गरी बढ़ीमा ३५ पदाधिकारीको केन्द्रीय सचिवालय रहनेछ भने अन्य सदस्यहरू रहनेछन्। पदाधिकारी तथा सदस्यहरू महाधिवेशनबाट तोकेबमोजिम निर्वाचित हुनेछन्। केन्द्रिय कार्यकारिणी समितिको पदाधिकारीमा उम्मेदबारी दिन स्थायी समितिको सदस्य भएको वा केन्द्रिय कार्यकारिणी समितिमा काम गरेको वा गरिरहेको वा विशेष समितिको प्रमुखको रूपमा काम गरेको वा गरिरहेको वा केन्द्रिय समितिमा दुई कार्यकाल पूरा गरेको हुनुपर्नेछ।केन्द्रिय कार्यकारिणी समितिको सदस्यमा उम्मेदबारी दिन दिन जिल्ला वा अन्य केन्द्रिय निकाय (विभाग, मोर्चा, वरिष्ठ नेतृत्व मण्डल, मधेश नेतृत्व पुंज)को कार्यकारिणी समितिको पदाधिकारी रहेको (सो नभएमा संयोजक/सहसंयोजक/इन्चार्ज/सहइन्चार्ज) वा केन्द्रिय समिति, विशेष समितिहरू, राष्ट्रिय परिषद् वा प्रदेश समितिको सदस्यको रूपमा काम गरेको वा गरिरहेको हुनुपर्नेछ। सो कुरा मनोनित गरिनुपर्ने सदस्यहरूको हकमा लागू हुने छैन। पद रिक्त रही वा भई मनोनित गरिनुपर्ने सदस्यहरूको हकमा सो कुरा लागू हुने छैन। कोषाध्यक्ष, प्रवक्ता तथा अन्य पदहरू तथा जिम्मेबारी स्थायी समितिले सृजना गरी तोक्न सक्नेछ। निर्वाचित हुन नसकेका वा रिक्त रहेका केन्द्रिय कार्यकारिणी पदाधिकारी र सदस्यहरूको हकमा क्षेत्रिय, लैंगिक र सामाजिक विविधता अनुसार सुनिश्चित् हुने गरी तथा महिलाको संख्या १/३ पुग्ने गरी सो पदहरूमा स्थायी समितिले सदस्य मनोनित गर्नेछ। निर्वाचन आयोगमा केन्द्रीय कार्यकारिणी समितिको सूची दर्ता गराइनेछ।

(ख) केन्द्रिय अध्यक्ष महाधिवेशनबाटै चुनिनेछन्। अध्यक्षमा उम्मेदबारी दिने मापदण्डः स्थायी समितिको सदस्य भएको वा केन्द्रिय कार्यकारिणी समितिको

पदाधिकारी वा विशेष समितिको प्रमुखको रूपमा काम गरेको वा गरिरहेको हुनुपर्नेछ।

(ग) केन्द्रिय कार्यकारिणी समितिको काम, कर्त्तव्य र अधिकार

१. महाधिवेशन, राष्ट्रिय परिषद्, केन्द्रिय समिति र स्थायी समितिले गरेका निर्णयहरुलाई कार्यान्वयन गर्ने, गराउने,
२. केन्द्रिय समितिको बैठक नबसेको समयमा आवश्यक निर्णयहरू गर्ने र मातहतका समितिहरूलाई नेतृत्व प्रदान गर्ने,
३. समसामयिक विषयहरूमा पार्टीको धारणा सार्वजनिक गर्ने,
४. पार्टीको दैनिक कार्य संचालन गर्ने, अनुगमन गर्ने, पार्टी सामु तत्काल आइ परेका कामहरू गर्ने,
५. पार्टीमा देखा परेका समस्याहरू समाधान गर्न पहल गर्ने,
६. केन्द्रिय स्तरबाट तयार गर्नु पर्ने कार्ययोजना वा कार्यक्रमहरूको तर्जुमा गर्ने,
७. पार्टीका केन्द्रिय कामहरू, विभागहरू, संयन्त्रहरू तथा कार्यदलहरू निर्माण गर्ने सन्दर्भमा आवश्यक गृहकार्य गर्ने,
८. मातहत समितिबाट अनुशासनको कारबाहीमा परेका व्यक्ति तथा समितिको उजुरी ग्रहण गरी त्यसमाथि निर्णय दिने,
९. केन्द्रिय समिति, केन्द्रिय निकाय, केन्द्रिय विभाग तथा केन्द्रिय संयन्त्रका सदस्यहरूको राजिनामा स्वीकृत गर्ने,
१०. राजिनामा गरी वा निधन भई वा अनुशासनको कारबाहीमा परी वा अन्य कारणले केन्द्रिय समितिका सदस्यहरुको पद रिक्त हुन आएमा सो पद पूर्ति गर्ने,

(क) केन्द्रिय कार्यकारिणी समितिका पदाधिकारीहरुको काम, कर्त्तव्य र अधिकार

१. अध्यक्षको अधिकार र कर्तव्य

i. प्रमुख नेताको रुपमा पार्टीको समग्र कामको नेतृत्व गर्ने,
ii. महाधिवेशन, राष्ट्रिय परिषद्, केन्द्रिय समिति र केन्द्रिय कार्यकारिणी समितिको बैठकको अध्यक्षता गर्ने,
iii. पार्टीका नीति निर्णयहरू कार्यान्वयन गर्ने गराउने,
iv. आफूमा निहित अधिकार उपाध्यक्षहरूमा प्रत्यायोजन गर्ने,

v. मुख्य प्रवक्ताको रुपमा पार्टीको प्रतिनिधित्व गर्ने तथा आवश्यकता परे पार्टीका पदाधिकारी तथा सदस्यहरू मध्येबाट प्रवक्ता तोक्ने,

vi. पार्टीको तर्फबाट राष्ट्रिय अन्तर्राष्ट्रिय क्षेत्रमा आवश्यकता अनुसार प्रतिनिधित्व गर्ने र गर्न लगाउने,

vii. केन्द्रिय निकायहरू र केन्द्रिय स्तरबाट सम्पन्न हुने कामहरूको समन्वय, निरीक्षण र अनुगमन गर्ने,

viii. विधान अन्तर्गतका आवश्यक अन्य कार्यहरू गर्ने ।

२. उपाध्यक्षहरूको अधिकार र कर्तव्यः

i. अध्यक्ष को काममा सहयोग गर्ने,

ii. अध्यक्षको अनुपस्थितिमा अध्यक्षको अधिकार र कर्तव्यहरूको तोके बमोजिम प्रयोग र पालना गर्ने,

iii. विभिन्न प्रदेश वा क्लष्टर अनुसार कामहरूको समन्वय र रेखदेख गर्ने,

iv. अध्यक्षले प्रत्यायोजन गरेका अन्य कामहरू गर्ने ।

४. महासचिवको अधिकार र कर्तव्यः

i. अध्यक्षको परामर्शमा महाधिवेशन, राष्ट्रिय परिषद, केन्द्रिय समिति र केन्द्रिय कार्यकारिणी समितिको बैठक बोलाउने र बैठकमा कार्यसूची प्रस्तुत गर्ने,

ii. महाधिवेशन, केन्द्रिय परिषद्, केन्द्रिय समिति, केन्द्रिय कारिकारिणी समितिको बैठक सञ्चालन गर्ने,

iii. केन्द्रिय समिति र केन्द्रिय कारिकारिणी समितिले गरेका निर्णयहरूको कार्यान्वयन गर्न गराउन प्रमुख भूमिका खेल्ने,

iv. केन्द्रिय कार्यालय सञ्चालन र रेखदेख गर्ने, त्यसका लागि आवश्यक सदस्यहरूको कार्यालय समिति गठन गर्ने,

v. सङ्गठनात्मक कामलाई चुस्त दुरुस्त, प्रभावकारी, गतिशील, अनुशासित र व्यवस्थित गर्न आवधिक रुपमा कार्य योजना प्रस्ताव प्रस्तुत गर्ने ,

vi. पार्टीका सबै किसिमका अभिलेखहरू राख्ने र राख्न लगाउने,

vii. माथिल्लो समितिहरूका आवश्यक निर्णय र निर्देशनहरूलाई तलका समितिहरूमा प्रवाहित गर्ने र तलका समितिका रिपोर्ट प्राप्त गरी व्यवस्थित बनाउने,

viii. केन्द्रिय समितिले तोकेको अन्य कार्यहरू गर्ने।

५. कोषाध्यक्षको अधिकार र कर्तव्यः

i. केन्द्रिय कोषको संरक्षण र संवर्द्धन गर्ने तथा आय-व्ययको अभिलेख राख्ने,

ii. केन्द्रिय कोषको व्यवस्थापनको योजना बनाउने र त्यसलाई केन्द्रिय समितिबाट पारित गराई लागु गर्ने,

iii. पार्टी कोषको सञ्चालन गर्ने,

iv. आय स्रोतहरूको सङ्कलन, परिचालन र विस्तारका साथै केन्द्रिय सचिवालयले तोके बमोजिमको बैंक खाता खोली कोषलाई व्यवस्थित गर्ने,

v. नियमानुसार लेखा परीक्षण गराउने,

vi. केन्द्रिय कार्यकारिणी समितिले तोकेका अन्य कामहरू गर्ने।

६. उपमहासचिवको काम, कर्तव्य र अधिकारः

i. महासचिवको काममा सहयोग गर्ने,

ii. महासचिवको अनुपस्थितिमा महासचिवको अधिकार र कर्तव्यहरूको तोके बमोजिम प्रयोग र पालना गर्ने,

iii. महासचिवले प्रत्यायोजन गरेका अन्य कामहरू गर्ने ।

७. सचिवको काम, कर्तव्य र अधिकारः

i. महासचिवको काममा सहयोग गर्न प्रदेश वा क्लष्टर अनुसार कामहरूको समन्वय र रेखदेख गर्ने,

ii. महासचिवले प्रत्यायोजन गरेका अन्य कामहरू गर्ने ।

**धारा – 18 :** स्थायी समिति

(क) स्थायी समितिमा संगठन स्थापनाका लागि पार्टी दर्त्ता हुँदा सम्ममा ७ वर्ष भन्दा बढी समय योगदान दिएका संस्थापक सदस्यहरु रहनेछन्। यो स्थायी प्रकृतिको हुनेछ। संस्थापक सदस्य शारिरीक अस्वस्थता वा अन्य कुनै कारणवश आफैं समितिमा

रहन नसकेको खण्डमा आफ्नो प्रतिनिधिलाई निश्चित् समयको लागि समितिमा पठाउन सक्नेछ।

(ख) पार्टी र यसका विभिन्न समितिहरुले आफ्नो मूल्य-मान्यता अनुरूप काम गर्दै गरेको छ छैन हेर्ने तथा अनुगमन गर्ने र सो अनुरुप कार्यकारिणी समितिलाई सुझाव दिने स्थायी समितिको कार्य हुनेछ। कार्यकारिणीले गरेको कुनै निर्णय पार्टीको मूल्य मान्यता विपरीत भएमा वा संगठनलाई गम्भीर क्षति हुने देखिएमा स्थायी समितिले 'भिटो' प्रयोग गरेर सो निर्णय तत्काल् कार्यान्वयन हुनबाट रोक्न सक्नेछ। निषेध गरिएको निर्णयलाई राष्ट्रिय परिषद्बाट पारित गरेपछि मात्र लागू गर्न सकिनेछ।

(ग) संगठनलाई गम्भीर हानी पुग्न सक्ने अवस्था देखेमा स्थायी समितिले आकस्मिक रुपमा केन्द्रिय समिति वा राष्ट्रिय परिषद्को विशेष बैठक एक महिना भित्र बोलाउन निर्देश केन्द्रिय कार्यकारिणी समितिलाई दिन सक्नेछ। सो बैठकको आवश्यक मत वा निर्णयको लागि स्थायी समितिले छलफलको प्रस्ताव पेश गर्नेछ।

(घ) संगठनलाई गम्भीर हानी पुग्न सक्ने अवस्था देखेमा स्थायी समितिले एकल रूपमा केन्द्रिय अध्यक्ष वा केन्द्रिय कार्यकारिणी समिति विरूद्ध अविश्वासको प्रस्ताव पेश गर्न सक्नेछ। अविश्वासको प्रस्ताव आएपछि एक महिना भित्र राष्ट्रिय परिषद्को विशेष बैठक बोलाई अध्यक्ष वा केन्द्रिय कार्यकारिणी समितिले आफ्नो पक्षमा बहुमत साबित गर्दै विश्वासको मत जित्नु गर्नु पर्नेछ।

(ङ) विधानको यो धारा स्वयं स्थायी समितिको प्रस्ताव र सहमतिले मात्रै संशोधन गर्न सकिनेछ।

**धारा – 19 :** विशेष समिति

विशेष समितिमा अनुशासन समिति, सल्लाहकार समिति, लेखा परिक्षण समिति, सदस्यता व्यवस्थापन समिति, निर्वाचन समिति सहितका समितिहरु हुनेछन्। तिनीहरुको गठन, काम, कर्तव्य र अधिकार तोकेबमोजिम हुनेछ। तिनीहरुको गठन केन्द्रिय कार्यकारिणी समितिले गर्न सक्नेछ।

**धारा – 20 :** वरिष्ठ नेत्तृत्व मण्डल

(क) पार्टीका पूर्व अध्यक्षहरु तथा अन्य पार्टीको समायोजनबाट आएका वरिष्ठ नेताहरु सम्मिलित पार्टीको वरिष्ठ नेत्तृत्व मण्डल रहनेछ।

(ख) वरिष्ठ नेत्तृत्व मण्डलको काम, कर्तव्य र अधिकार निम्नानुसार हुनेछ :-

१. केन्द्रिय निकायका कामहरूको समन्वय तथा निरीक्षण गर्ने,

२. पार्टी एकतालाई मजबुत बनाउन पार्टी भित्रका समस्याहरू समाधान गर्न पहल गर्ने,

३. वरिष्ठ नेताको हैसियतमा तोकिएका बैठकहरुमा भाग लिने र दिएको जिम्मेवारी पुरा गर्ने,
४. पार्टीका नीति निर्णयहरू कार्यान्वयनको अनुगमन गर्ने,
५. तोकिएका अन्य कार्यहरू गर्ने ।

**धारा – 21 :** जनवर्गीय एवम् पेशागत मोर्चाहरु

पार्टीको संगठनलाई विस्तृत गर्न विद्यार्थी जनमत संघ, युवा जनमत संघ, महिला जनमत संघ, उद्योग व्यवसायी जनमत संघ, किसान जनमत संघ, मजदूर जनमत संघ (ट्रेड यूनियन), बुद्धिजीवी जनमत संघ सहितका जनवर्गीय एवम् पेशागत मोर्चाहरु गठन गरिनेछ। यसको प्रमुख अध्यक्ष रहनेछ। तिनीहरुको गठन, काम, कर्तव्य र अधिकार तोके बमोजिम हुनेछ।

**धारा – 22 :** विभागहरु

पार्टीको कार्यलाई प्रभावकारी बनाउन संसदीय मामला विभाग, रोजगार विभाग, शिक्षा विभाग, विदेश विभाग, सुरक्षा विभाग, आर्थिक विभाग, विकास विभाग, संचार विभाग, प्रचार-प्रसार विभाग, अनुसन्धान विभाग, अनुगमन विभाग, समाज कल्याण विभाग, मानव अधिकार विभाग, कानून विभाग सहितका विभागहरु गठन गरिनेछ। यसको प्रमुख अध्यक्ष रहनेछ। तिनीहरुको गठन, काम, कर्तव्य र अधिकार तोके बमोजिम हुनेछ। तिनीहरुको गठन केन्द्रिय सचिवालयले गर्न सक्नेछ।

**धारा – 23 :** इन्चार्ज र सहइन्चार्जहरू

केन्द्रिय अध्यक्षको अनुमोदनमा विभिन्न तहका पार्टी समितिहरूले मातहतका समितिहरूमा आफ्नो प्रतिनिधिको रुपमा ईन्चार्ज र सहइन्चार्ज खटाउन सक्नेछ । त्यस्ता इन्चार्ज र सहइन्चार्जहरूको मुख्य काम पार्टी प्रतिनिधिको रुपमा मातहत समितिको काम अनुगमन गर्नु, मातहत समितिलाई पार्टीको धारणा स्पष्ट पार्नु, समितिहरूको बिचमा समन्वयकारी भूमिका निर्वाह गर्नु र मातहत समितिको सुझाव माथिल्लो समितिमा ल्याउनु हुनेछ।

## **परिच्छेद** – १०
## स्थानीय समिति

**धारा – 24 :** बूथ समिति

(क) प्रत्येक गाउँपालिका, नगरपालिका, उपमहानगरपालिका र महानगरपालिका भित्रका वडाहरूमा निर्वाचन आयोगले साबिकमा प्रकाशित गरेको निर्वाचन केन्द्र अनुसार बूथ समितिहरू रहने छन् ।

(ख) बूथ समितिमा मुख्य जनपरिचालक-१, सहजनपरिचालक-१ र अन्य सबै सदस्यहरु रहनेछन्। पदाधिकारीहरू सहितका सदस्यहरूको सङ्ख्या सम्बन्धित वडा समितिले तोके बमोजिम हुनेछ । बूथ समितिको विवरण सम्बन्धित वडा समितिको अध्यक्षले राख्नुपर्नेछ र माथिल्लो तहका समितिलाई उपलब्ध गराउनु पर्नेछ।

(ग) बूथ समितिको निर्माण साधारण वा क्रियाशील सदस्यहरू मध्येबाट वडा समितिको अध्यक्षद्वारा गरिनेछ। निर्वाचन आयोगद्वारा निर्वाचन केन्द्र हेरफेर गरेको सूची प्रकाशित भएको एक महिना भित्र वा निर्वाचनको कम्तीमा १५ दिन अगाडि बूथ समिति पुनर्गठन गर्नु पर्नेछ।

(घ) बूथ समितिले पार्टीको कार्यलाई जनस्तरमा विस्तार र सुदृढीकरण गर्ने, सम्बन्धित बूथको निर्वाचन मतदाता नामावलीमा रहेका मतदाताहरुको सम्पर्कमा आउने, उनीहरुलाई पार्टीको पक्षमा रहन प्रेरित गर्ने, मतदानको क्रममा घरदैलो र प्रचारप्रसार गर्ने र स्वयंसेवक परिचालन गर्ने जस्ता कार्यहरु गर्नेछ। बूथ समितिको अन्य काम, कर्त्तव्य र अधिकार तोकेबमोजिम हुनेछ।

**धारा – 25 :** वडा समिति

(क) प्रत्येक गाउँपालिका, नगरपालिका, उपमहानगरपालिका र महानगरपालिका भित्रका वडाहरूमा पार्टीका वडा समितिहरू रहने छन् । वडामा पार्टीको कार्यालय राखेर वडा समितिले आफ्नो कार्य संचालन गर्नेछ।

(ख) वडा समितिमा अध्यक्ष, उपाध्यक्ष, सचिव, सहसचिव र कोषाध्यक्ष लगायतका पदाधिकारीहरू सहितका सदस्यहरूको सङ्ख्या तोकिए बमोजिम हुनेछ ।

(ग) वडा समितिको निर्माण वडा अधिवेशनबाट हुनेछ र यो अधिवेशन सम्बन्धित वडाका क्रियाशील सदस्यहरूको अधिवेशन हुनेछ ।

(घ) वडा समितिले पार्टीको कार्यलाई जनस्तरमा विस्तार र सुदृढीकरण गर्नेछ । वडा समितिको अन्य काम, कर्त्तव्य र अधिकार तोकेबमोजिम हुनेछ।

**धारा – 26 :** गाउँपालिका/नगरपालिका/उपमहानगरपालिका/महानगरपालिका समिति

(क) प्रत्येक गाउँपालिका, नगरपालिका, उपमहानगरपालिका र महानगरपालिकामा गाउँपालिका/नगर समितिहरू रहने छन् ।

(ख) यस समितिमा अध्यक्ष, उपाध्यक्ष, सचिव, सहसचिव, कोषाध्यक्ष लगायतका पदाधिकारीहरू सहितका सदस्यहरूको सङ्ख्या तोकिए बमोजिम हुनेछ । समितिमा सबै वडाका अध्यक्षहरू पदेन सदस्यका रुपमा रहनेछन्।

(ग) यस समितिको निर्माण गाउँपालिका/ नगरपालिका/ उपमहानगरपालिका/ महानगरपालिका अधिवेशनबाट हुनेछ र यो अधिवेशन सम्बन्धित वडाबाट क्रियाशील सदस्यहरु मध्येबाट चुनिएका अधिवेशन प्रतिनिधीहरुको अधिवेशन हुनेछ।

(घ) यस समितिले पार्टीको कार्यलाई गाउँ/नगर स्तरमा विस्तार र सुदृढीकरण गर्नेछ । यस समितिको अन्य काम, कर्त्तव्य र अधिकार तोकेबमोजिम हुनेछ।

**धारा – 27 :** प्रदेश सभा र प्रतिनिधि सभा निर्वाचन क्षेत्र समिति

(क) प्रत्येक प्रदेश सभा र प्रतिनिधि सभा निर्वाचन क्षेत्रमा सम्बन्धित निर्वाचन क्षेत्र समिति समितिहरू रहने छन् ।

(ख) यस समितिमा अध्यक्ष, उपाध्यक्ष, सचिव, सहसचिव, कोषाध्यक्ष लगायतका पदाधिकारीहरू सहितका सदस्यहरूको सङ्ख्या तोकिए बमोजिम हुनेछ । समितिमा सबै गाउँपालिका/नगरपालिका अध्यक्षहरू सम्बन्धित गाउँपालिका/नगरपालिकाको प्रतिनिधिको रुपमा पदेन सदस्य हुनेछन्।

(ग) यस समितिको निर्माण प्रदेश सभा र प्रतिनिधि सभा निर्वाचन क्षेत्रको अधिवेशनबाट हुनेछ र यो अधिवेशन सम्बन्धित क्षेत्रका गाउँपालिका/नगरपालिकाका वडाहरुबाट चुनिएका प्रतिनिधि क्रियाशील सदस्यहरूको अधिवेशनबाट हुनेछ ।

(घ) यस समितिले पार्टीको कार्यलाई आ-आफ्नो निर्वाचन क्षेत्रमा विस्तार र सुदृढीकरण गर्नेछ । यस समितिको अन्य काम, कर्त्तव्य र अधिकार तोकेबमोजिम हुनेछ।

## परिच्छेद – ११

## जिल्ला समन्वय समिति

**धारा – 28 :** जिल्ला समन्वय समिति

(क) प्रत्येक जिल्लामा एक जिल्ला समन्वय समिति रहने छ । जिल्ला स्तरमा पार्टीको कार्यालय राखेर यस समितिले कार्य गर्नेछ।

(ख) यस समितिमा अध्यक्ष, उपाध्यक्ष, सचिव, सहसचिव, कोषाध्यक्ष लगायतका पदाधिकारीहरू सहितका सदस्यहरूको सङ्ख्या तोकिए बमोजिम हुनेछ ।

(ग) समितिमा सम्बन्धित जिल्लाका निर्वाचन क्षेत्र, गाउँपालिका/नगरपालिका र वडाका अध्यक्षहरू पदेन सदस्यहरु हुनेछन्। त्यसका अतिरिक्त जिल्ला समन्वय समितिका

सदस्यहरूले सचिवालयको अनुमोदनमा निर्धारित संख्यामा सदस्यहरू मनोनित गर्न सक्नेछन्।

(घ) यस समितिका पदाधिकारीहरुको चयन समितिका सदस्यहरुबाट हुनेछ ।

(ङ) यस समितिले पार्टीको कार्यलाई आ-आफ्नो जिल्लामा विस्तार र सुदृढीकरण गर्नेछ तथा जिल्ला मातहतका समितिहरुको कार्यबीच समन्वय स्थापित गर्नेछ। यस समितिको अन्य काम, कर्त्तव्य र अधिकार तोकेबमोजिम हुनेछ।

## परिच्छेद – १२
प्रदेश समिति

**धारा – 29 :** प्रदेश समिति

(क) प्रत्येक प्रदेशमा एक प्रदेश समिति रहने छ। प्रदेश स्तरमा पार्टीको कार्यालय राखेर यस समितिले कार्य गर्नेछ।

(ख) यस समितिमा अध्यक्ष, उपाध्यक्ष, सचिव, कोषाध्यक्ष, प्रवक्ता लगायतका पदाधिकारीहरू सहितका सदस्यहरूको सङ्ख्या तोकिए बमोजिम हुनेछ ।

(ग)समितिमा सम्बन्धित प्रदेशका प्रदेश सभा निर्वाचन क्षेत्र समितिका अध्यक्ष र इन्चार्जहरू पदेन सदस्यहरु हुनेछन्। त्यसका अतिरिक्त केन्द्रिय सचिवालयले कूल सदस्यको ३०% नबढ्ने गरी सदस्यहरू मामनोनित गर्न सक्नेछन्।

(घ) यस समितिका पदाधिकारीहरु प्रदेश समितिका सदस्यहरु मध्येबाट निर्वाचित हुनेछन्।

(ङ) यस समितिले पार्टीको कार्यलाई आ-आफ्नो प्रदेशमा विस्तार र सुदृढीकरण गर्नेछ । यस समितिको अन्य काम, कर्त्तव्य र अधिकार तोकेबमोजिम हुनेछ।

## परिच्छेद – १३
अन्तर्राष्ट्रिय समन्वय समिति

**धारा – 30 :** अन्तर्राष्ट्रिय समन्वय समिति

(क) देश बाहिर रहेका नेपाली नागरिकहरु बीच पार्टीको विस्तार र प्रचारप्रसार गर्न अन्तर्राष्ट्रिय समन्वय समिति रहने छ ।

(ख) यस समितिमा अध्यक्ष, उपाध्यक्ष, सचिव, सहसचिव, कोषाध्यक्ष लगायतका पदाधिकारीहरू सहितका सदस्यहरूको सङ्ख्या तोकिए बमोजिम हुनेछ ।

(ग) समितिमा विभिन्न देशका प्रतिनिधिहरु (इन्चार्जहरू) पदेन सदस्यहरु हुनेछन्।

(घ) यस समितिका पदाधिकारीहरुको चयन समितिका सदस्यहरुबाट हुनेछ ।

(ङ) यस समितिले पार्टीलाई देश बाहिर रहेका नेपाली नागरिकहरु माझ विस्तार र सुदृढीकरण गर्नेछ। यस समितिको अन्य काम, कर्त्तव्य र अधिकार तोकेबमोजिम हुनेछ।

## परिच्छेद – १४
## अधिवेशन, बैठक र पदावधि सम्बन्धी व्यवस्था

**धारा – 31 :** सामान्यतः पार्टीको महाधिवेशन हरेक चार वर्षमा, प्रदेश, जिल्ला, निर्वाचन क्षेत्र, पालिका तथा वडा अधिवेशनहरु तल्लो समितिको पहिला हुने गरी २/२ वर्षमा गरिनेछ। सोही अनुसार सम्बन्धित तहका पदाधिकारीहरुको पदावधी अर्को अधिवेशन नभए सम्मका लागि कायम रहनेछ।

**धारा – 32 :** राष्ट्रीय परिषद् र केन्द्रिय समिति बैठक सामान्यतः हरेक वर्ष र केन्द्रिय कार्यकारिणी समितिको बैठक सामान्यतः ३-३ महिनामा एक पटक गरिनेछ। केन्द्रीय सचिवालयको बैठक सामान्यतः १-१ महिनामा हुनेछ। त्यस्तै प्रदेश समितिको बैठक ३-३ महिनामा र जिल्ला, निर्वाचन क्षेत्र, पालिका र वडा समितिको बैठक १-१ महिनामा हुनेछ। तोकिएको समयमा बैठक भए नभएको अनुगमन ठीक माथिल्लो तहको समितिले नियमित रुपमा गर्नु पर्नेछ र सोको अभिलेख राखु पर्नेछ।

**धारा – 33 :** लगातार तीन पटक सम्म समिति बैठकमा बिना लिखित सूचना अनुपस्थित रहेमा त्यस्तो समिति सदस्यहरुलाई निष्कासनको लागि कारबाही प्रक्रिया अघि बढाइनेछ।

**धारा – 34 :** खारेज

**धारा – 35 :** पार्टीका सबै तहका समितिहरुमा एक तिहाई महिला सहित सामाजिक विविधता प्रतिबिम्बित हुने गरी सामान्यतः समानुपातिक समावेशीको आधारमा सहभागिता हुने व्यवस्था गरिनेछ।

**धारा – 36 :** केन्द्रिय, प्रदेश र स्थानीय समितिमा तोकिएको संख्यामा वैकल्पिक सदस्यहरु राख्न सकिनेछ। सोको व्यवस्था आवश्यक नियमावली ल्याई तोकेबमोजिम हुनेछ।

**धारा – 37 :** पार्टीको महाधिवेशन सहित सबै तह र निकायहरुको बैठकमा पचास प्रतिशत भन्दा बढी सदस्यको उपस्थितिलाई गणपूरक संख्या मानिनेछ। तर सो प्रावधान प्रथम

अधिवेशन/महाधिवेशनको लागि आवश्यक मानिने छैन र सोको लागि आवश्यक व्यवस्था अधिवेशन नियमावली/निर्देशिकाले तोके बमोजिम हुनेछ।

**धारा – 38 :** केन्द्रिय समिति देखि स्थानीयसमिति सम्म कुनै पद रिक्त भएमा अर्को अधिवेशन नभए सम्मका लागि सो पद पूर्ती केन्द्रिय सचिवालयले गर्न सक्नेछ।

## परिच्छेद – १५

## अनुशासन

**धारा – 39 :** अनुशासनको कारबाही

(क) देहायको अवस्थामा कुनै पनि सदस्य वा समितिहरूलाई अनुशासनको कारबाही हुन सक्नेछ :

१. पार्टीको वैधानिक ब्यवस्था र कार्यक्रमको विपक्षमा सार्वजनिक क्रियाकलाप गरेमा,

२. पार्टीको निर्णय खुला रुपले उल्लङ्घन गरेमा,

३. पार्टी भित्र गूटबंदी वा षड्यन्त्र गरेको प्रमाणित भएमा,

४. पार्टीको नीति, नियम, निर्णय र कार्यक्रमहरुको विरोधमा सार्वजनिक अभिव्यक्ति दिएमा वा दुःस्प्रचार गरेमा,

५. पार्टी र नेत्तृत्व प्रति निष्ठा र विश्वास नरहेको प्रमाणित भएमा,

६. पार्टीको प्रतिष्ठा र मर्यादामा आँच आउने काम गरेको प्रमाणित भएमा,

७. पार्टीको नाम, छाप, लेटरप्याड, सदस्यता रसिद वा पदको नाम बिना आधिकारिकता प्रयोग गरेमा वा कुनै पनि तरीकाले दुरुपयोग गरेमा,

८. बिना आधिकारिकता (आधिकारिक समितिको निर्णय र आधिकारिक अनुमति बिना) कसैसँग सदस्यता शुल्क, चंदा, लेवी वा अन्य आर्थिक लाभ उठाएमा,

९. पार्टी समितिको गोपनियता बदनियतले भङ्ग गरेमा,

१०. पार्टीको जिम्मेवारीमा रहँदा पार्टीको निर्णय र निर्देशन विपरीत कार्य गरेमा,

११. माथिल्लो समितिले दिएको निर्देशनलाई पटक-पटक अटेरी गरेमा वा लिएको जिम्मेबारी पटक-पटक पूरा गर्ने तत्परता न देखाएमा

१२. पार्टीद्वारा सञ्चालित आन्दोलन र कार्यक्रमको विपक्षमा रहेमा वा विरोधीहरुसँग साँठगाँठ गरेमा,

१३. अनैतिक वा भ्रष्ट क्रियाकलाप गरेको प्रमाणित भएमा,

१४. पदीय आचरण वा पार्टी प्रतिष्ठाको विपरीत आर्थिक अनुशासनहीनता वा कुनै अन्य गतिविधिमा संलग्न भएको प्रमाणित भएमा,

१५. पार्टीको विधान वा नियमावलीमा सदस्यहरूले पालन गर्नु पर्ने भनी उल्लेखित कर्तव्यको उल्लङ्घन गरेमा,

(ख) कारबाही गर्दा गल्तीको गम्भीरता हेरी कुनै पनि रुपको कारबाही प्रयोग गर्न सकिनेछ । गल्तीको प्रकृति र परिणाम हेरी सदस्यको हकमा सम्बन्धित समितिले लिखित वा मौखिक रुपमा स्पष्टीकरण माग्ने, आलोचना गर्ने, लिखित रुपमा आत्मालोचना गराउने, चेतावनी दिने, पद वा सदस्यताबाट निलम्बन गर्ने, क्रियाशील सदस्यबाट नै हटाउने र पदमुक्त गर्ने गरी कारबाही गर्न सक्नेछ।

(ग) निर्वाचन क्षेत्र, जिल्ला र प्रदेश समितिको हकमा अनुशासन उल्लङ्घन गर्ने समिति सदस्यलाई अनुशासनको कारबाही गर्ने अधिकार सम्वन्धित समितिको सिफारिसमा केन्द्रिय अनुशासन समितिलाई हुनेछ । वडा समितिको हकमा सम्वन्धित पालिकाले र पालिका समितिको हकमा सम्बन्धित जिल्ला समितिले कारबाही अगाडि बढाउने छ।

(घ) कुनैपनि समिति वा सदस्यले आफूलाई तोकिएको दायित्व र जिम्मेवारी पालन नगरेमा समितिको हकमा माथिल्लो समितिले विघटन गर्न सक्ने छ र सदस्यको हकमा सम्बन्धित समितिले ठोस आधार तथा कारण खुलाई एक पद घटुवा गर्न सक्ने छ ।

(ङ)पार्टी अनुशासनको कारबाही भोगिरहेका क्रियाशील सदस्यले कारबाही अवधिभर पार्टीको कुनै पनि तह र जन-प्रतिनिधिमूलक निकायको निर्वाचनमा उम्मेदवारी दिन सक्ने छैनन् ।

(च) विशेष परिस्थितिमा केन्द्रिय अनुशासन समितिले तोकेको प्रक्रियाको अधिनमा रही कुनै पनि क्रियाशील सदस्य र समिति उपर कारबाही गर्न सक्नेछ ।

(छ) पार्टी निर्णयको अवज्ञा गरेमा वा पार्टी हित र प्रतिष्ठामा आँच पु-याउने काम गरेमा, जनप्रतिनिधिहरूको हकमा पार्टी केन्द्रिय कार्यकारिणी समितिले निर्वाचित भएको तहबाट हटाउने सम्मको कारबाही गर्न सक्नेछ ।

**धारा – 40 :** स्पष्टीकरण दिने मौकाः

कुनैपनि सदस्य वा समिति उपर अन्तिम कारबाही गर्नु अघि व्यवहारिक निश्चित समयसीमा तोकेर स्पष्टीकरण दिने मौका दिइने छ ।

**धारा – 41 :** पुनरावेदनः

आफूमाथि भएको कारबाही उपर चित्त नबुझे कुनै पनि सदस्य वा समितिले माथिल्लो समितिमा पुनरावेदन दिन सक्नेछ । केन्द्रिय कार्यकारिणी समितिका पदाधिकारी र सदस्यहरुमाथि केन्द्रिय अनुशासन समितिले गरेको कारवाहीको हकमा केन्द्रिय कार्यकारिणी समितिमा पुनरावेदन गर्न सकिनेछ ।

## परिच्छेद – १६
## कोषको व्यवस्था

**धारा – 42 :** पार्टीको आयस्रोत देहाय बमोजिम हुनेछ :-

(क) सदस्यता शुल्क,

(ख) विधान बमोजिम सदस्यबाट नियमित रुपमा प्राप्त सहयोग रकम (लेवी),

(ग) स्वेच्छिक आर्थिक सहयोग,

(घ) पार्टीले कुनै कार्यक्रम आयोजना गरी वा अभियान चलाई सङ्कलन गरेको रकम,

(ङ) पार्टीको प्रकाशन तथा चल अचल सम्पत्ति बिक्रीबाट प्राप्त रकम,

(च) कोषमा रहेको रकम बापत् बैंकबाट प्राप्त ब्याज रकम वा लगानी तथा व्यवसायबाट प्राप्त आय।

**धारा – 43 :** पार्टीको कोष र यसको सञ्चालन

(क) पार्टीको एक छुट्टै कोष हुनेछ । कोषमा जम्मा भएको रकम बैंकमा खाता खोली जम्मा गरिनेछ । कोषको संचालन केन्द्रिय कार्यकारिणी समितिको अध्यक्षले तोकेबमोजिम हुनेछ।

(ख) पार्टीको दिनानुदिनको कार्य सञ्चालनका लागि नगदी कोषको व्यवस्था गरिनेछ ।

(ग) पार्टीको बार्षिक बजेट, योजना र कार्यक्रम तय गरी कोषको रकम सञ्चालन गरिने छ ।

(घ) क्रियाशील सदस्यता शुल्क र लेवीको बाँडफाँड विभिन्न स्थानीय, प्रादेशिक र केन्द्रिय तहको बीचमा तोकिए बमोजिम हुनेछ ।

**धारा – 44 :** पार्टीको चल, अचल र जिन्सी सम्पत्तिः

पार्टीको नाममा भएका चल, अचल र जिन्सी लगायत सम्पूर्ण सम्पत्तिमा पार्टीको केन्द्रिय कार्यकारिणी समितिको पूर्ण स्वामित्व रहने छ । त्यसको पूर्ण लगत तोकिए बमोजिम राखिनेछ। पार्टीको सम्पत्ति पार्टीको स्वीकृति बिना बेचबिखन गर्न पाइने छैन। केन्द्रिय

कार्यकारिणी समितिको लिखित अनुमति बिना लिइएको ऋण तथा दायित्व प्रति पार्टी जवाफदेही रहने छैन।

**धारा – 45 :** लेखा र लेखा परीक्षण

(क) पार्टीको आय—व्ययको लेखा केन्द्रिय लेखा परीक्षण समितिले तोकिदिएको तरीका बमोजिम राखेछ ।

(ख) पार्टीको केन्द्रको लेखा परीक्षण केन्द्रिय लेखा परीक्षण समितिद्वारा हुनेछ। प्रदेश र स्थानीय समितिको लेखा परीक्षण गर्न केन्द्रिय लेखा परीक्षण समितिले लेखा परीक्षणमा सहयोग गर्नेछ ।

## परिच्छेद – १७
## विविध

**धारा – 46 :** तदर्थ समितिः

(क) निर्वाचित समिति नभएको ठाउँमा माथिल्लो समिति वा केन्द्रिय सचिवालयले मनोनयनद्वारा पार्टीको तदर्थ समितिहरू निर्माण गर्नेछ । यस्तो समितिको मुख्य काम आफ्नो तहको अधिवेशन सम्पन्न गराउनु हुनेछ । अधिवेशन सम्पन्न नहुँदासम्म यसले निर्वाचित समितिको अधिकारहरू प्रयोग गरी काम गर्नेछ । तदर्थ समितिको अवधि सामान्यतः ६ महिनाको हुनेछ । आवश्यकता परेमा यो अवधि बढाउन सकिने छ तर कुनै पनि अवस्थामा यो अवधि एक वर्ष भन्दा बढीको हुने छैन ।

(ख) निर्वाचित समितिको आफ्नो अवधि समाप्त भएको अवस्थामा सो समिति स्वतः तदर्थ समितिमा रुपान्तरित हुने छ । त्यसले तदर्थ समितिमा रुपान्तरित भएको ६ महिनाभित्र अधिवेशन सम्पन्न गर्नु पर्नेछ । ६ महिनाभित्र पनि अधिवेशन नगरेमा माथिल्लो समितिको अनुमति लिई ३ महिना समय थप गर्न सकिनेछ । यस अवधिभित्र पनि अधिवेशन नगरेमा माथिल्लो समितिले सङ्क्रमणकालका लागि मनोनयनद्वारा नयाँ तदर्थ समिति बनाई अधिवेशन सम्पन्न गराउने छ ।

**धारा – 47 :** संक्रमणकालीन व्यवस्था

यस विधान अनुसार गठित पार्टीका समितिहरूमा लैङ्गिक र सामाजिक विविधता झल्किने गरी समावेशी हुनेछ। तर अधिवेशन नहुँदासम्म गठन गरिएका समितिहरूमा यो मापदण्ड पुरा नभए पनि यस विधान अनुसार मान्यता दिइनेछ ।

**धारा – 48 :** बाधा अड्काउ फुकाउने अधिकार

यो विधानको कार्यान्वयनमा बाधा आई परेमा बाधा अड्काउ फुकाउने अधिकार केन्द्रिय कार्यकारिणी समितिलाई हुनेछ।

**धारा – 49 :** व्याख्या गर्ने अधिकार

यो विधान र यस अन्तर्गत बनेका नियमावलीको कार्यान्वयन गर्ने सन्दर्भमा थप व्याख्या गर्नुपरेमा यसको व्याख्या गर्ने अधिकार केन्द्रिय कार्यकारिणी समितिलाई हुनेछ ।

**धारा – 50 :** नियम बनाउने अधिकार

यो विधान कार्यान्वयन गर्नका लागि विधान प्रतिकूल नहुने गरी आवश्यक पर्ने नियम, विनियम, आचारसंहिता एवम् निर्देशिकाहरु बनाउने अधिकार केन्द्रिय कार्यकारिणी समितिमा हुनेछ। त्यसलाई आगामी केन्द्रीय समितिको बैठकमा अनुमोदन गराउनुपर्नेछ।

**धारा – 51 :** पार्टी विघटन

कुनै पार्टीसँग एकता गरिएको अवस्थामा बाहेक अन्य कारणले पार्टी विघटन भएमा पार्टीको चल अचल सम्पत्ति नेपाल सरकारको हुनेछ ।

**धारा – 52 :** सपथ ग्रहण

सबै क्रियाशील सदस्य तथा समितिका निर्वाचित एवम् मनोनित सदस्यहरुले पार्टीले तोके बमोजिम अनुसूचि-५ अनुसार सपथ ग्रहण गर्नुपर्ने छ। सपथ ग्रहण नगर्दा सम्म पद अनुसार काम गर्न योग्य मानिने छैन ।

**धारा – 53 :** विधान संशोधन

(क) विधान संशोधन सम्बन्धी लिखित प्रस्ताव केन्द्रिय कार्यकारिणी समितिले महाधिवेशन वा राष्ट्रिय परिषद् समक्ष प्रस्तुत गर्न सक्नेछ । लिखित प्रस्ताव पेश गर्न चाहने प्रदेश समिति र मातहत समितिहरूले महाधिवेशन वा राष्ट्रिय परिषद्को बैठक शुरु हुनु एक महिना अगावै संशोधन प्रस्ताव केन्द्रिय कार्यकारिणी समितिलाई पठाउनु पर्नेछ ।


(ख) दुई महाधिवेशन वा राष्ट्रिय परिषद्को बैठकको बीचमा विधानको प्रस्तावना र उद्देश्यको प्रतिकुल नहुने गरी अन्य कुनै दफा उपदफा केन्द्रिय कार्यकारिणी समितिको कम्तिमा दुई तिहाईले संशोधन गर्न सक्नेछ र सोको अनुमोदन आगामी राष्ट्रिय परिषद् वा महाधिवेशनबाट गर्नु पर्नेछ ।

**धारा – 54 :** खारेजी र बचाउ

यो विधान जारी भएसँगै जनमत पार्टीको स्थापनार्थ भएको राष्ट्रिय परिषद् (केन्द्रिय भेला)ले गरेका काम-कारबाहीहरु यसै विधान बमोजिम भए गरेको मानिने छ ।

## अनुसूची – १

(क) पार्टीको झंडा



(ख) पार्टीको छाप




(ग) पार्टीको लोगो

जनमत पार्टी
JANAMAT PARTY

## अनुसूची – २

# साधारण सदस्यता आवेदन र सदस्यता-पत्र

**जनमत पार्टी**

(साधारण सदस्यताको लागि आवेदन पत्र)

फोटो

प्रदेश............जिल्ला.............पालिका ........................ वडा नं. ...... टोल...............स्थायी घर भएको म .............................................. जनमत पार्टीको विधान, नीति-नियम, सिद्धान्त, लक्ष्य र तोकिएको कार्यक्रम प्रति प्रतिबद्ध भई देश र जनताको हितमा काम गर्न ईच्छुक रहेकोले साधारण सदस्यताको लागि यो निवेदन पेश गर्दछु। मैले पार्टीको नीति-नियम साथै विधानलाई पूर्णरुपले पालना गर्ने प्रतिबद्धता जनाउँदै मैले जानेबुझेसम्मको मेरा निम्न व्यक्तिगत विवरणहरू यसप्रकारका छन् ।

जन्म मितिः(वि.सं.): ई.सं.:

नागरिकता नं.: जिल्ला: जारी मितिः

बुवाको नामः आमाको नामः

वैवाहिक स्थितिः विवाहित/अविवाहित पति/पत्निको नामः उमेरः

समुदायः पेशा/व्यवशायः

शैक्षिक योग्यताः संस्थाः

सदस्यता प्राप्त मितिः सदस्यता नं.:

सदस्यता स्वीकृत गर्नेः हस्ताक्षर र मितिः

---

**जनमत पार्टी**

(साधारण सदस्यको परिचयपत्र)

साधारण सदस्यता नं.:

फोटो

नामः

स्थायी ठेगानाः

प्रदेशः जिल्लाः पालिकाः वडा नं.: टोलः

सदस्यता प्राप्त मितिः

सदस्यता स्वीकृत गर्नेः पदः हस्ताक्षर र मितिः

नविकरणको विवरण

| मितिसम्म | नाम | हस्ताक्षर |
|---|---|---|
| | | |
| | | |
| | | |
| | | |

# अनुसूची – ३
# क्रियाशील सदस्यता आवेदन र सदस्यता-पत्र

## जनमत पार्टी

(क्रियाशील सदस्यताको लागि आवेदन पत्र)

फोटो

जनमत पार्टीको विधान, नितिनियम, सिद्धान्त, लक्ष्य र तोकिएको कार्यक्रमप्रति प्रतिबद्ध भई देश र जनताको हितमा काम गर्न ईच्छुक रहेकोले क्रियाशील सदस्यताको लागि यो निवेदन पेश गर्दछु । मैले पार्टीको नीति-नियम साथै विधानलाई पूर्णरुपले पालना गर्ने प्रतिबद्धता जनाउँदै मैले जानेबुझेसम्मको मेरा निम्न व्यक्तिगत विवरणहरू यसप्रकारका छन् ।

पूरा नाम(देवनागरिमा): पूरा नाम(अंग्रेजीमा): लिङ्गः

जन्म मितिः(वि.सं.): ई.सं.:

स्थायी ठेगानाः जिल्लाः पालिकाः वडा नं.: टोलः

अस्थायी ठेगानाः जिल्लाः पालिकाः वडा नं.: टोलः

नागरिकता नं.: जिल्लाः जारी मितिः

बुवाको नामः आमाको नामः

वैवाहिक स्थितिः पति/पत्निको नामः उमेरः

समुदायः पेशा/व्यवशायः

शैक्षिक योग्यताः संस्थाः

साधारण सदस्यता प्राप्त मितिः हालको पदः मो.नं.:

राजनैतिक पृष्ठभूमि (तपाईले गरेका सामाजिक/राजनैतिक कामहरुको संक्षिप्त विवरण)

.................................................................................................................................................

.................................................................................................................................................

.................................................................................................................................................

.................................................................................................................................................

.................................................................................................................................................

..........................................................................

मैले पेश गरेको माथिको विवरण ठीक साँचो हो, केही फरक भएमा विधान अनुसार सहुँला/बुझाउँला ।

सिफारीश कर्ताको हस्ताक्षर र मिति सदस्यता स्वीकृत गर्ने समिति

१) नामः हस्ताक्षरः

पदः नामः

समितिः पदः

२) नामः समितिः

पदः मितिः

समितिः

-----------------------------------------------------------

## जनमत पार्टी

(क्रियाशील सदस्यको परिचयपत्र)

क्रियाशील सदस्यता नं.:

फोटो

नामः

स्थायी ठेगानाः

प्रदेशः　　जिल्लाः　　पालिकाः　　वडा नं.:　　टोलः

सदस्यता प्राप्त मितिः

सदस्यता स्वीकृत गर्नेः　　पदः　　हस्ताक्षर र मितिः

नविकरणको विवरण

| मितिसम्म | नाम | हस्ताक्षर |
|---|---|---|
| | | |
| | | |
| | | |
| | | |

# अनुसूची – ४

## सदस्यता अभिलेख फारम

**क्रियाशील सदस्यहरुको अभिलेख फारम**

| क्र.सं. | नाम, थर | प्रदेश | जिल्ला | निर्वाचन क्षेत्र नं. | गाउँपालिका/ नगरपालिका | वडा नं. | लिङ्ग | उमेर | शिक्षा | पेशा | क्रियाशील सदस्यता नं/ सदस्यता प्राप्त मिति | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | | | | |
| | | | | | | | | | | | | |
| | | | | | | | | | | | | |
| | | | | | | | | | | | | |
| | | | | | | | | | | | | |
| | | | | | | | | | | | | |
| | | | | | | | | | | | | |

## अनुसूची – ५

## शपथ ग्रहणको व्योहोरा

(मुटुमाथि दायाँ हाथ राखेर)

म ...........(आफ्नो नाम)............ जनमत पार्टीको क्रियाशील सदस्य/……………………… समितिको...................पदको जिम्मेबारी लिइ रहेको यस महत्त्वपूर्ण घड़ीमा आफ्नो मातृभूमिलाई सम्झदै पार्टीको झण्डा सामु यी प्रतिज्ञाहरु गर्दछु।

- म जनमत पार्टीको सिद्धान्तलाई आत्मसात् गर्दै अघि बढ्ने छु,
- म मातृभूमि, जनता र पार्टीप्रति पूर्ण वफादार रहनेछु ,
- म पार्टीको विधान, नीति र कार्यक्रमको सदैव पालना र अनुशरण गर्नेछु,
- म पार्टीको गोपनियता, अनुशासन तथा पार्टी एकतालाई जस्तोसुकै परिस्थितिमा पनि कायम राख्नेछु,
- म निजी वा व्यक्तिगत स्वार्थबाट माथि उठेर स्वच्छ एवम् नैतिक आचरणयुक्त जीवन बिताउने छु,
- म कसैमाथि पक्षपात नगरी, पूर्वाग्रह वा खराब भावना नलिई इमान्दारीताका साथ काम गर्नेछु,
- म सदैव सकारात्मक सोच राख्नेछु ।

जनमत पार्टी - जिन्दावाद ! जय जनमत !

नामः

ठेगानाः

पद:

हस्ताक्षरः

मिति:

## जनमत पार्टीको नियमावली – २०७५

जनमत पार्टीको विधान – २०७५ को धारा ५० बमोजिम केन्द्रिय समितिले पारित गरी जनमत पार्टीको नियमावली – २०७५ जारी भएको छ।

### परिच्छेद – १
### प्रारम्भिक

**धारा – 1 :** नाम र प्रारम्भ

यस नियमावलीको नाम "जनमत पार्टीको नियमावली – २०७५" रहनेछ। यो नियमावली केन्द्रिय समितिको बैठकद्वारा पारित भए लगत्तै प्रारम्भ हुनेछ। यस नियमावलीको पालना गर्नु पार्टीको हरेक सदस्यको कर्त्तब्य हुनेछ।

**धारा – 2 :** परिभाषा

विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस नियमावलीमा

(क) "पार्टी" भन्नाले जनमत पार्टी सम्झनु पर्छ ।

(ख) "विधान" भन्नाले जनमत पार्टीको विधान २०७५ सम्झनु पर्छ ।

(ग) "सदस्य" भन्नाले जनमत पार्टीको सदस्यहरु सम्झनु पर्छ ।

(घ) "पदाधिकारी" भन्नाले जनमत पार्टीका सबै तहका पदाधिकारीहरु सम्झनु पर्छ ।

(ङ) "नियमावली" भन्नाले जनमत पार्टीको विधानबमोजिम बनेको जनमत पार्टीको नियमावली -२०७५ सम्झनुपर्छ ।

(च) "विभाग" भन्नाले पार्टी विधान र यस नियमावली अनुसार गठन भएको विभाग बुझिनेछ।

(छ) "जनवर्गीय तथा पेशागत मोर्चा" भन्नाले पार्टी विधानको धारा २१ र यस नियमावली अनुसार गठन भएका मोर्चाहरु बुझिनेछ।

(ज) "संयन्त्र" भन्नाले पार्टी विधान र यस नियमावली द्वारा विशेष जिम्मेबारी वा कार्यको लागि बनाइएका संयन्त्रहरु बुझिनेछ।

(झ) "इन्चार्ज र सहइन्चार्ज" भन्नाले विभिन्न तहका समितिहरुले मातहतका समितिहरुमा खटाएका प्रतिनिधिहरुलाई बुझाउनेछ।

(ञ) "कार्यकर्ता" वा "सक्रिय सदस्य" भन्नाले पार्टीका सम्पूर्ण क्रियाशील सदस्यहरु बुझिनेछ।

### परिच्छेद – २

## सदस्यता

**धारा – 3 :** क्रियाशील सदस्यता

क्रियाशील सदस्यताको लागि आवेदन-पत्र पार्टीको कार्यालयहरुबाट रु २० दिएर लिन सकिनेछ। विधानको धारा ९(ख) बमोजिम योग्यता पुगेका साधारण सदस्यहरुले क्रियाशील सदस्यता प्राप्त गर्न सक्नेछन्।

**धारा – 4 :** सदस्यता शुल्क र लेवीको बाँडफाँड

(क) साधारण सदस्यता शुल्कबाट उठेको रकम सम्बन्धित जिल्ला समन्वय समितिमा तथा विभिन्न जनवर्गीय तथा पेशागत मोर्चा सहितका भातृ-संगठनहरुको हकमा साधारण सदस्यताबाट उठेको शुल्क रकम सम्बन्धित मोर्चा वा भातृ-संगठनमा रहनेछ। सो कुरा क्रियाशील सदस्यता वा लेवीको हकमा लागू हुनेछैन।

(ख) सम्बन्धित पार्टी समितिहरुले मातहतका समितिहरुलाई नियमित आर्थिक सहयोग (लेवी) तोक्न सक्नेछन्।

(ग)क्रियाशील सदस्यता र लेवीबाट उठेको रकम मध्ये ४०% जिल्ला र सोभन्दा तलको स्थानीय समिति, १०% प्रदेश समिति र ५०% केन्द्रिय समितिको आय हुनेछ।

(घ) देश बाहिर रहेको गैर-आवासीय मधेशी संघ सहितको भातृ-संगठन र मोर्चाहरुको हकमा सदस्यता शुल्क केन्द्रिय सचिवालयले निर्धारण गरे बमोजिम बाँकी अन्य भन्दा फरक हुन सक्नेछ।

**धारा – 5 :** सदस्यता नवीकरण

साधारण र क्रियाशील सदस्यता प्रत्येक वर्ष वैशाख महिनाको अन्तिम सम्ममा नवीकरण गर्नु पर्नेछ। तर केन्द्रिय सचिवालयले निर्णय गरी सदस्यता नवीकरणको लागि ६ महिना सम्मको समय थप गर्न सक्नेछ।

**धारा – 6 :** साधारण सदस्य र क्रियाशील सदस्यहरुको अभिलेख

पार्टीले सम्पूर्ण साधारण र क्रियाशील सदस्यहरुको विवरणको अभिलेख केन्द्रिय सङ्गठन विभागमा अनिवार्य रुपले राख्नेछ। सम्बन्धित स्थानीय समितिहरु, प्रादेशिक समितिहरु तथा जनवर्गीय तथा पेशागत भात्तृ-संगठनहरुले पनि आफ्नो मातहतका सदस्यहरुको विवरण राख्नेछन्। जनवर्गीय र पेशागत भात्तृ-संगठनहरुले सम्पूर्ण सदस्यहरुको फोन नम्बर सहितको विवरण केन्द्रिय सङ्गठन विभागलाई उपलब्ध गराउनु पर्नेछ। मानार्थ सदस्यहरुको अभिलेख केन्द्रिय संगठन विभागद्वारा छुट्टै राखिनेछ।

## परिच्छेद – ३

## सम्पर्क समितिहरु

**धारा – 7 :** प्रदेश सम्पर्क समितिहरु

विभिन्न प्रदेशहरुबाट काठमाडौं उपत्यकामा आई अस्थायी बसोबास गरिरहेकाहरुका सदस्यहरु बीच सम्पर्क स्थापित गर्न, सम्बन्धित प्रदेशमा भइरहेको संगठनको विस्तारको समन्वय र अनुगमन गर्न तथा पार्टीको सम्बन्धित प्रदेश सम्बन्धी कार्यहरुको जिम्मेबारी र काम-काज प्रत्यायोजित गर्न सम्बन्धि प्रदेशबाट काठमाडौं उपत्यका बस्ने सदस्यहरु सम्मिलित प्रदेश सम्पर्क समितिहरुको निर्माण गरिनेछ।

**धारा – 8 :** जिल्ला सम्पर्क समितिहरु

प्रदेश सम्पर्क समिति मातहतमा जिल्ला सम्पर्क समितिहरु रहनेछन्। जिल्ला सम्पर्क समितिको काम विभिन्न जिल्लाबाट काठमाडौं उपत्यका आई अस्थायी बसोबास गरिरहेकाहरुका बीच सम्पर्क स्थापित गर्नु, सम्बन्धित जिल्लामा भइरहेको संगठनको विस्तारको समन्वय र अनुगमन गर्नु तथा पार्टीका सम्बन्धित जिल्ला सम्बन्धी कार्यहरुको जिम्मेबारी र काम-काज प्रत्यायोजित गर्नु हुनेछ।

**धारा – 9 :** निर्वाचन क्षेत्र सम्पर्क समितिहरु

प्रदेश सम्पर्क समिति मातहतमा आवश्यकत्ता अनुसार निर्वाचन क्षेत्र सम्पर्क समितिहरु पनि बनाउन सकिनेछ।

**धारा – 10 :** सम्पर्क समितिहरुको हैसियत समान-स्तरमा रहेको विशेष समितिहरु सरह हुनेछ।

## परिच्छेद – ४
## विविध

**धारा – 11 :** वरीयता क्रम र हैसियत

पार्टीमा पदाधिकारीहरुको  वरीयताक्रम केन्द्रिय कार्यकारिणी समितिले निर्धारण गरे बमोजिम हुनेछ। एउटै पदमा रहेका पदाधिकारीको लागि वरियताक्रम प्राप्त गरेको मतको आधारमा हुनेछ। सो कुरा वडा समितिदेखि सम्पूर्ण समितिहरूमा लागू हुनेछ।

**धारा – 12 :** नियमावली संशोधन

पाटीको केन्द्रिय कार्यकारिणी समितिले आवश्यकत्ता अनुसार यस नियमावलीको संशोधन गर्न सक्नेछ। यस नियमावलीको प्रयोगमा कुनै वाधा अड्चन परेमा सो फुकाउने अधिकार केन्द्रिय कार्यकारिणी समितिमा रहनेछ।